४६१

# सर्वोच्च अदालत, संयुक्त इजलास
## माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
## माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
## फैसला

०६७-CR-०२२२

**मुद्दाः कम मूल्यमा कवल भाडामा दिई दिलाई बढी मूल्यमा भाडामा लगाई भ्रष्टाचार गरेको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत गोविन्दबहादुर श्रेष्ठको प्रतिवेदनले नेपाल सरकार.........................................................................१ — पुनरावेदक वादी

विरुद्ध

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ जमल, मित्रमार्ग स्थायी ठेगाना भई विशालबजार कम्पनी लि.को संचालक समितिका अध्यक्ष रविन्द्र श्रेष्ठ भन्ने रविन्द्रलाल श्रेष्ठ.....................................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ जमल, मित्रमार्ग बस्ने देवेन्द्रलाल श्रेष्ठ...................................................................................१ — प्रत्यर्थी प्रतिवादी

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २७ त्यौड, ढोका बहाल २ घर नं. ७१ मा बस्ने रमेशमान श्रेष्ठ..................................................१

**शुरु फैसला गर्नेः-** अध्यक्ष माननीय न्यायाधीश श्री गौरीबहादुर कार्की
सदस्य माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
सदस्य माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
विशेष अदालत काठमाडौं

**फैसला मितिः-** २०६७।१।२४

विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गतको भै दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यस प्रकार छः-

१) विशाल बजार कम्पनी लिमिटेडको दक्षिण तर्फको अस्थायी टहरा पसल कबललाई स्थायी गरी सम्झौता नविकरण गरेको र सम्झौता नविकरण गर्दा प्रत्येक पसलमा १०० कित्ता शेयर गाभ्ने निर्णय समेत गरी ती पसलहरू कहिल्यै हटाउन नसक्ने गरी कम्पनीलाई हानी नोक्सानी र आफुहरूलाई गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेको हुँदा कम्पनीका सम्बन्धित पदाधिकारीहरू उपर कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको निवेदक विशाल बजारका सचेत नागरिक भनी उल्लेख भएको उजुरी पत्र मिति २०६३।६।३१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता हुन आएको।

२) सूर्यलाल श्रेष्ठको नाती, गोविन्दलाल श्रेष्ठको छोरा वर्ष ५५ को म रविन्द्रलाल श्रेष्ठ काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१,जमलस्थित मित्रमार्गमा बस्दछु। मेरो नाम रविन्द्र श्रेष्ठ नागरिकतामा उल्लेख भएपनि मेरो नाम रविन्द्रलाल श्रेष्ठ नै हो। श्रीमतीको नाम विणा श्रेष्ठ र छोराको नाम आयुषलाल श्रेष्ठ नै हो। २०३०।०३१ सालतिर दाजु, भाइ र बुवा बीच अंशवण्डा भएको थियो। सो कागज म संग हाल नभई खोज तलास गर्नुपर्ने भएकोले केही दिनभित्र उपलव्ध गराउने छु भन्ने समेत बयान गरी निज प्रतिवादी रविन्द्रलाल श्रेष्ठ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट फरार रहेको देखियो।

३) रविन्द्रलाल श्रेष्ठ म एउटै पार्टीका साथी भएकोले मित्रवत सम्बन्ध छ तर अन्य कुनै नाता पर्दैन। रविन्द्रलाल पूर्व सांसद हुँदा म निजको स्वकीय सचिव भई कार्य गर्दथे। म विशाल बजारको २९ नं.को रविन्द्रलाल श्रेष्ठको पसलमा बसी रहँदा अख्तियारको पत्र प्राप्त गरेको हुँ। त्यहां म कुनै काम गर्दैन। चिनजान भएको नाताले त्यहाँ सामान किनबेच गरी नाफा आर्जन गर्दछु। जस्तै, सुन चाँदी सस्तो भएको बेला किन्दछु र महंगो भएको बेला बेच्ने गर्दछु। मेरो विशाल बजार कम्पनीमा १६०० कित्ता शेयर छ। त्यहां पसल पनि छ। उक्त शेयर ५ वर्ष अघि रमेशमान श्रेष्ठसंग किनेको थिएँ। हाल मैले मेरो पसल कम्पनीको नियमको अधिनमा रही कम्पनीलाई तिर्नु पर्ने भन्दा केही बढीमा नेपाल इन्भेष्टमेन्ट बैंकलाई सव लिजमा भाडामा दिई आएको छु। यस वापत नेपाल सरकारलाई कर समेत तिर्दै आएको छु भन्ने समेत व्यहोराको निज रमेशमान श्रेष्ठले अनुसन्धान अधिकृत समक्ष गरेको बयान।

४) <u>अनुसन्धानबाट देखिन आएको व्यहोरा</u>

विशाल बजार कम्पनी लि. २०२६ सालमा कम्पनी ऐन, २०२१ बमोजिम दर्ता भएको संस्था हो। यसको अधिकृत तथा जारी पूँजि ५ करोड र चुक्ता पूँजि रू. ४,९१,४०,०००।- रहेको छ। ४,९१,४००।- कित्ता शेयर जारी भएको मध्य नेपाल खाद्य संस्थानको नाममा ७३,७१०।- कित्ता, नेशनल ट्रेडिङका नाममा ६८,७९६ कित्ता र कृषि सामाग्री संस्थानका नाममा २४,५७० कित्ता शेयर रहेको छ। अर्थात कुल ३४% शेयर उक्त ३ वटा पूर्ण सरकारी स्वामित्वमा रहेको

संस्थाको नाममा रहेको छ। विशाल बजार कम्पनी लि.को शुक्रपथ स्थित विशाल बजार भवनमा कुल ३४६ वटा पसल कवल रहेका छन। ती पसल कवलहरू बोलपत्रको माध्यमबाट व्यवस्थित बाँडफाँड गर्न कम्पनी रजिष्ट्रारको कार्यालयले बेला बेलामा दिएको निर्देशनको पालना नगरी बोलपत्र बिना आफु अनुकूलका व्यक्तिहरूलाई भागवण्डा लगाई बाँडफाँड गरिएको अवस्था छ। विशाल बजार कम्पनीको प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली,२०४९ को परिच्छेद ५ को बुँदा ५.१.१ मा पसल कोठा बहालमा दिंदा शेयरधनीलाई प्राथमिकता दिइने प्रावधान रहेपनि नेशनल ट्रेडिङ लाई १ पसल भाडामा दिए बाहेक अरु कम्पनीलाई समय समयमा ताकेता गर्दा पनि भाडामा दिएको छैन। ३४% शेयर रहेकाहरूलाई हिसाब गर्दा ११८ कवल भाडामा दिनुपर्ने देखिन्छ। शेयरको अनुपातमा सरकारी संस्थानहरूलाई उपलव्ध गराउनु पर्ने पसल उपलव्ध नगराएको अवस्था एकातिर छ भने अर्को तर्फ टहरा पसल कवललाई स्थायी सम्झौता गरी सो मा समेत शेयर संख्या आवद्ध गरी भविष्यसम्मका लागि पसल छोडनु नपर्ने अवस्थाको सिर्जना गर्ने कार्य भईरहेको छ। विशाल बजारको भवनमा रहेका हिमालय बैंक लि.र राष्ट्रिय बाणिज्य बैंकले कम्पनीसंगै सम्झौता गरी कवल भाडामा लिएकोमा नेपाल इन्भेष्टमेन्ट बैंकले मात्र व्यक्तिसंग बढी रकममा सब लिजमा लिएको छ। मिति २०६०।४।५ मा रमेशमान प्रधानले विशाल बजार कं.लि.सँग सम्झौता गरी मासिक रु १,००,७९३ भाडा बुझाउने र २/२ वर्षमा १०% भाडा बृद्धि भई स्वतः नविकरण हुने गरी दक्षिण तर्फका टहरा पसलको पहिलो तल्लाको १३०९ वर्ग फिट कोठा भाडामा लिने दिने गरी सम्झौता भएकोमा सोही कोठा मिति २०६०।८।१५ मा मासिक रु ३,००,३३०।५० भाडा लिने र २/२ वर्षमा १०% वृद्धि भई स्वतः नविकरण हुने गरी निज रमेशमानले नेपाल इन्भेष्टमेन्ट बैंकसंग सम्झौता गरेको देखिन्छ। यो सम्झौता २०६०।९।१ देखि लागू हुने गरी १० वर्षका लागि भएको र सो सम्झौता अनुसारको घर भाडा देवेन्द्रलाल श्रेष्ठको खाता नं. १८१७६१० मा जम्मा गरी दिन रमेशमान श्रेष्ठले ०६०।९।३ मा बैंक समक्ष दिएको निवेदन २०६०।१०।२० मा नै संझौता भंग भएको देखिन्छ। उक्त कम्पनीको १३०९ वर्ग फिट क्षेत्रफल भएको रमेशमान श्रेष्ठले २०६०।९।१मा सम्झौता गरेकै कोठाहरू मासिक १,००,७९३।- कम्पनीलाई बुझाउने गरी मिति ०६०।१०।२० मा विशाल बजार कं.लि. र रमेशमान श्रेष्ठ बीच ०६०।४।१ देखि लागू हुने गरी घर भाडामा सम्झौता भएको सोही बैंकमा रहेको खातामा जम्मा भएको देखिन्छ। देवेन्द्रलाल श्रेष्ठ रविन्द्रलाल श्रेष्ठको सहोदर भाइ भएको व्यहोरा निजहरूले बैंकमा खाता खोल्दा पेश गरेको कागजात र नागरिकताको प्रमाणपत्रबाट साथै एउटै घरमा बस्ने गरेको व्यहोरा देवेन्द्रलाल श्रेष्ठले बैंक खाता खोल्दा उल्लेख गरेको टेलिफोन

नं. र रविन्द्रलाल श्रेष्ठले आयोगमा बयानको क्रममा लेखि दिएको टेलिफोन नम्बर एउटै अर्थात २२१९८९ (अगाडि ४) भएबाट पुष्टि हुने देखिन्छ।

५) रविन्द्रलाल श्रेष्ठ २०५४ श्रावणदेखि २०६० आषाढसम्म तत्कालीन राष्ट्रिय सभाका सांसद भएको र निजले मिति २०५४।७।१५ देखि २०६०।३।१२ सम्म रमेशमान श्रेष्ठलाई आफ्नो स्वकीय सचिव पदमा नियुक्ती गरी काममा लगाएको व्यहोरा तत्कालीन संसद सचिवालयको प.सं. ०६३।०६४ च.नं. ९२ मिति ०६३।९।२३ को पत्रबाट देखिन्छ।

६) विशाल बजार कम्पनी लि. २०२६ सालमा कम्पनी ऐन,२०२१ बमोजिम दर्ता भएको संस्था हो। सो संस्थाको अधिकृत पूँजी रू. ५ करोड, चुक्ता पूँजी रू. ४,९१,४०,०००।- रहेको छ। रू. ४,९१,४००।- कित्ता शेयर जारी भएको मध्ये नेपाल खाद्य संस्थानको नाममा ७३,७१० कित्ता, नेशनल ट्रेडिङ लि.को नाममा ६८,७९६ कित्ता र कृषि सामाग्री कम्पनी लि.को नाममा २४,५७० कित्ता शेयर रहेको छ। यस अनुसार नेपाल खाद्य संस्थानको १५%, नेशनल ट्रेडिङ्ग लि.को १४% र कृषि सामाग्री कम्पनी लि.को ५% गरी कुल ३४% शेयर उक्त ३ वटा पूर्ण सरकारी स्वामित्व रहेको संस्थाको नाममा रहेको हुँदा विशाल बजार कम्पनी सार्वजनिक संस्था हो भन्ने कुरामा विवाद रहेन। विशाल बजार कम्पनी लि.को शुक्रपथ स्थित विशाल बजार भवनको भुई तल्लामा ५०, पहिलो तल्लामा ३७, दोस्रो तल्लामा १०१, तेस्रो तल्लामा १०१ , दक्षिण टहरामा ४० र उत्तर टहरामा १७ वटा गरी जम्मा ३४६ वटा पसल कवल रहेको छ। ती पसल कवलहरू बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई भागवण्डा लगाई बाँडफाँड गरिएको अवस्था रहेको छ। ती पसल कवलहरू बोलपत्रको माध्यमद्वारा व्यवस्थित गर्न कम्पनी रजिष्ट्रारको कार्यालयले पटक पटक दिएको निर्देशन पालना गरेको अवस्था छैन र गर्ने संकेत पनि देखिंदैन। विशाल बजार कम्पनी लि.को प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली, २०४९ को परिच्छेद ५ को बुँदा ५.१.१ मा कम्पनीको पसल कोठा बहालमा दिंदा शेयरधनीलाई प्राथमिकता दिइने प्रावधान रहेतापनि नेशनल ट्रेडिङ लि.लाई एउटा पसल कवलमात्र दिई अरु दुई सरकारी संस्थाहरूलाई एउटै पनि पसल कवल उपलव्ध गराएको छैन। ती संस्थाहरूले करिब १० वर्ष अगाडिदेखि पसल कवल उपलव्ध गराई दिन लेखी समय समयमा तरताकेता गरेको अवस्था समेत विद्यमान रहेको छ। पारदर्शी रुपमा पसल कवलहरू भाडामा नलगाएको अवस्थामा ३४% शेयर भएको पूर्ण सरकारी स्वामित्व भएका संस्थाहरूलाई दामासाही हिसाब गर्दा पनि ११८ वटा पसल कवल उपलव्ध गराउनु पर्ने देखिन्छ। कम्पनी रजिष्ट्रारको कार्यालयको निर्देशन बमोजिम पारदर्शी रुपमा बोलपत्रद्वारा पसल कवलको व्यवस्थापन पनि नगरेको र सरकारी संस्थाहरूलाई

शेयरको अनुपातमा उपलव्ध गराउनु पर्ने पसल कवल पनि उपलव्ध नगराएको अवस्था विद्यमान रहेको छ भने अर्कातिर टहरा पसल कवललाई स्थायी सम्झौता गरी सो मा समेत शेयर संख्या आवद्ध गरी भविष्यसम्मको लागि पसल छोड्न नपर्ने अवस्थाको सिर्जना गर्ने कार्य भै रहेको छ।

७) विशाल बजार कम्पनी लिमिटेड का सञ्चालक समितिका अध्यक्ष रविन्द्रलाल श्रेष्ठले कम्पनीलाई हानी नोक्सानी गराउने र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले मिति २०६०।१०।२० मा आफ्नो निजी सहायक तथा निजको कामदार समेत रहेका रमेशमान श्रेष्ठसंग कम्पनीको दक्षिणतर्फ रहेको पसल नं.९९ को प्रति महिना रु १,००,७९३।- र पसल कवल नं. ५१ को प्रति महिना रु ६५४५।- कायम गरी संझौता गरी गराई उक्त पसल नं. ९९ र ५१ लाई प्रति महिना रु ३,७६,२००।- र ९७.५ वर्गफिट क्षेत्रफल भएको अर्को पसलको प्रति महिना रु ९७५०।- भाडा बुझाउने गरी निज रमेशमान श्रेष्ठको नामबाट नेपाल इन्भेष्टमेन्ट बैंक लि.सँग मिति २०६०।१०।२१ मा सम्झौता गराई आफ्नो निजी सहायकको नामबाट कम भाडामा सम्झौता गरी त्यही पसलहरू बढीमा भाडा लगाई उक्त बढी भएको रकम २०६० पौषदेखि २०६२ वैशाख सम्मको भाडा वापतको रु ३६,७२,८७५।४२ निज रविन्द्रलाल श्रेष्ठको भाई देवेन्द्रलाल श्रेष्ठको नेपाल इन्भेष्टमेन्ट बैंक लि.मा रहेको खाता नं. १८१७६१० मा र २०६२ साल भाद्रदेखि २०६५ फाल्गुनसम्मको रु १,०२,८४,४४९।७० निज रविन्द्रलाल श्रेष्ठको नेपाल इन्भेष्टमेन्ट बैंक लि.मा रहेको खाता नं.२५६६४१० को खातामा जम्मा गरेको देखिंदा निज रविन्द्रलाल श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, ०५९ को दफा ८ को उपदफा (१) र (३) द्वारा परिभाषित कसूर अपराध गरेको र देवेन्द्रलाल श्रेष्ठ र रमेशमान श्रेष्ठले सोही ऐनको दफा ८ को उपदफा (१) र (४) बमोजिम कसूर गरेको देखिंदा निजहरूलाई सोही दफा ८ को क्रमशः उपदफा (३) र (४) द्वारा व्यवस्थित सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम विगो रु १,३९,५७,३२५।१२ असूल उपर गरी पाउन मागदावी लिई अभियोग पत्र दायर गरिएको।

८) विशाल बजार कं.लि.को म शेयरधनी हुँ। शेयर रमेशमान प्रधान र रत्नश्री प्रधानबाट किनेको हो। उक्त शेयरसंग आवद्ध रहेको पसल मेरो नाममा छ। सो पसलका सम्बन्धमा विभिन्न सर्त सहित विशाल बजार कं.लि.संग मिति २०६०।१०।२० मा बहाल सम्झौता भएको हो। सोही सम्झौता अनुसार मैले सब लिजमा नेपाल इन्भेष्टमेन्ट बैंक लि.लाई भाडामा दिई आएको छु। कम्पनीलाई बुझाउनु पर्ने बहाल रकम बुझाउँदै आएको छु। कम्पनीलाई नोक्सानी पुऱ्याउने कुनै कार्य म बाट भएको छैन। विशाल बजारको शेयर वापत पसलहरू राखिएको हुन्छ। ती पसल लिंदा

कम्पनीको शेयर अनिवार्य रुपमा लिनुपर्दछ। त्यही अनुसार मैले स्टक एक्सचेन्जबाट रमेशमान प्रधान र रत्नश्री प्रधानसंगबाट क्रमशः १५००।- र १०० कित्ता शेयर खरीद गरी लिएपछि सो शेयरसंग आवद्ध पसल समेत मेरो हुन आएका हुन्। भाडाका सम्बन्धमा कम्पनीको शर्त तथा नियम विनियमका आधारमा तोकेको दररेट अनुसारको रकम कम्पनीलाई बुझाउँदै आएको छु। कम्पनीसंग ०६०।१०।२० को करारनामा र कम्पनीको नियमका आधारमा पसल अरुलाई सब लिजमा दिन पाउने भएको हुँदा दिएको हुँ। देवेन्द्रलाल र रविन्द्रलालसंग मेरो पहिले देखि नै कारोबार हुँदा सरसापट लिने दिने गरेको यो विशाल बजारको शेयर लिँदा नपुग रकम वहाँहरूसमेतसंग ऋण लिएको थिए। यसरी उहाँहरूसंग पहिले देखि लिएको पटक पटकका ऋणहरू र उधारोमा लिएको सूनको मूल्य समेत गरी देवेन्द्रलाललाई रू. ४१,००,०००।- (एक चालीस लाख) जति र रविन्द्रलाई रू. १,४०,००,०००।- तिर्नु पर्ने भएकोले सो भाडा वापतको रकम निजहरूको खातामा जम्मा गरेको हुँ। मैले कुनै भ्रष्टाचार गरेको छैन। सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी रमेशमान श्रेष्ठले विशेष अदालत काठमाडौंमा गरेको बयान।

९) पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी रमेशमान श्रेष्ठले रु ५,००,०००।- नगद धरौट वा सो रकम खाम्ने जेथा जमानी दिन सके लिई तारेखमा राखी र दिन नसके नियमानुसार थुनुवा पूर्जि दिई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भनी विशेष अदालत काठमाडौंबाट मिति २०६६।२।२७ मा भएको आदेश।

१०) कम्पनीले निर्णय गर्दा बहुमतका आधारमा हुने हुँदा उजुरीमा उल्लेख गरे जस्तो मेरो एकल निर्णयबाट केही निर्णय कायम हुँदैन। रमेशमानको शेयर नामसारी हुँदा म संचालक समितिको अध्यक्ष समेत छैन। उजुरीकर्ता नरेन्द्र बहादुर श्रेष्ठले म संगको व्यक्तिगत रिस इवीका कारण झुठा उजुरी दिएका हुन्। विशाल बजार कम्पनीले सर्व साधारणका लागि सूचना प्रकाशन गरी शेयर खरीद गर्ने आव्हान गर्दा शेयरसंग पसल आवद्ध हुने अर्थात शेयर लिए पछी पसल समेत पाइने प्रावधानलाई कम्पनीले आफ्नो विनियमावलीमा समेत समावेश गरी ठोस कानूनी रुप दिएको हुँदा सो कार्य निरन्तर हुँदै आएको छ। सञ्चालक समिति साधारण सभाबाट गठन हुने र सञ्चालक समितिले साधारण सभाको निर्देशन पालना गरी सोही अनुसार पसलको भाडा दर निर्धारण गरीन्छ। १ जनाले कुनै प्रभाव पार्न सक्दैन। तसर्थ रमेशमानलाई म एक्लैले पसल उपलव्ध गराउन सक्ने अवस्था रहदैन। रमेशमानले शेयर खरीद गरी शेयरसंग आवद्ध पसल नामसारी गरी लिएको हो। नियमानुसार अरुलाई पनि सब लिजमा दिन सकिने हुँदा दिएको हो। निजले मलाई ऋण तिर्नु पर्ने हुँदा इन्भेष्टमेन्ट बैंकले दिने बढी रकम निजकै मञ्जुरीले मेरो खातामा जम्मा भएको हो। मैले कुनै गैरकानूनी

तरिकाले कम्पनीलाई हानी पुऱ्याई लाभ लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी रविन्द्रलाल श्रेष्ठले विशेष अदालत काठमाडौंमा गरी दिएको बयान।

११) पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्र.रविन्द्रलाल श्रेष्ठले रु ५,००,०००।- नगद धरौट वा सो रकम खाम्ने जेथा जमानी दिनसके लिई तारेखमा राखु भन्ने २०६६।२।२८ को विशेष अदालत काठमाडौका आदेशानुसार निज प्र.रविन्द्रलाल श्रेष्ठले रु ५,००,०००।- नगद धरौट राखी तारेखमा हाजिर हुँदै आएको देखिन्छ।

१२) प्रतिवादी रविन्द्रलाल श्रेष्ठका साक्षी कुमार राजभण्डारी-१ प्रतिवादी रमेशमान श्रेष्ठका साक्षी मणिक महर्जन-१ समेत ले विशेष अदालत काठमाडौंमा गरेको बकपत्र मिसिल सामेल रहेको।

१३) विशाल बजार कम्पनीमा मेरो शेयर पनि छैन। पसल कवल भाडामा लिएको पनि छैन, म बाट कुनै सम्झौता भएको पनि छैन। कम्पनीसंग मेरो कुनै सरोकार छैन। रमेशमानलाई मैले बेला बेलामा सापटी दिने गरेको थिएँ। सो ऋण तिर्न निजले पसलबाट प्राप्त भाडा मेरो खातामा जम्मा गरिदिएको हो। मलाई लगाएको अभियोग दावी खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी देवेन्द्रलाल श्रेष्ठले विशेष अदालत काठमाडौंमा गरेको बयान।

१४) प्रतिवादी मध्येका देवेन्द्रलाल श्रेष्ठलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने विशेष अदालत काठमाडौंको मिति ०६६।५।१० को आदेश।

१५) प्रतिवादी रमेशमान श्रेष्ठले विशाल बजार कम्पनी लि.को शेयर विशाल बजार कम्पनीबाट सोझै खरीद गरेको नभई नेपाल स्टक एक्स्चेन्ज मार्फत रमेशमान प्रधान र रत्नश्री प्रधानको नाउँको क्रमशः १५००।- र १००।- शेयर खरीद गरिलिएको र शेयरधारकले शेयरसंग स्वतः आवद्ध हुने पसल पनि प्राप्त गरी सब लिजमा (Sub Lease) नेपाल इन्भेष्टमेन्ट बैंक लि.लाई भाडामा लगाएकोमा विवाद छैन। शेयरधारकले शेयरसंग स्वतः आवद्ध भै प्राप्त भएको पसल कोठा कुनै कसैलाई पुनः बहालमा दिन सक्ने भनी विशाल बजार कम्पनी लिमिटेडको साविकमा प्रयोगमा रहेको प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली, २०४९ को परिच्छेद ५ को खण्ड (१३) मा र हाल प्रयोगमा रहेको आर्थिक कार्यविधि विनियमावली,२०६४ को परिच्छेद ४ अन्तरगतको विनियम ४-१२ मा उल्लेख भै रहेको देखिन्छ। विशाल बजार कम्पनी लि. र प्रतिवादी रमेशमान श्रेष्ठका बीच बहाल सम्बन्धी मिति २०६०।१०।२० मा भएको करारनामाको दफा १३ मा कम्पनी संग करारनामा गरी लिएको पसल कोठा अरुलाई उपभोग गर्न दिन सक्ने भन्ने शर्त उल्लेख भई रहेकोले कम्पनीसंग पसल भाडामा लिनेले अरुलाई सब लिज (Sub Lease) गरेर उपभोग गर्न दिन सक्ने नै देखियो। प्रतिबादी रविन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठबाट

प्रतिवादी रमेशमान श्रेष्ठले लिएको ऋण रकम चुक्ता गर्ने प्रयोजनको लागि कम्पनीलाई बुझाउनु पर्ने भाडा रकम कम्पनी कै बैंक खातामा जम्मा गरी बाँकी हुने रकम निज रविन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठको बैंक खातामा जम्मा गरेको सम्म हो भनी प्रतिवादी रमेशमान श्रेष्ठले बयान गरेको र सोही व्यहोरा मिलान हुने गरी सह प्रतिवादी रविन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठको बयान देखिन आयो। प्रतिवादी रमेशमान श्रेष्ठले नेपाल स्टक एक्सचेन्जबाट शेयर खरीद गर्दा सह प्रतिवादीहरूको संलग्नता वा प्रभाव रहे भएको नदेखिएको, शेयर खरीद गरी लिएपछि विशाल बजार कम्पनी लिमिटेडले प्रतिवादी रमेशमान श्रेष्ठको नाममा शेयर नामसारी गर्दा प्रतिवादी रविन्द्रलाल श्रेष्ठ संचालक समितिको सदस्यसम्म रहेको र निज एक्लैले शेयर नामसारी वा वितरण गर्न सक्ने अवस्था नरहेको र निज रविन्द्रलाल श्रेष्ठकै एकलौटी निर्णयबाट रमेशमान श्रेष्ठले शेयर र पसल कोठा प्राप्त गरेको भन्ने तथ्य ठोस प्रमाणबाट पुष्टि भएको नदेखिएको र प्रतिवादी रमेशमान श्रेष्ठको नाउमा शेयर नामसारी गर्ने निर्णय गर्ने कम्पनीको संचालक समितिलाई विपक्षी बनाई दावी लिएको नपाइनुको साथै विशाल बजार कम्पनी लि.को तर्फबाट प्रतिवादी रमेशमान श्रेष्ठले प्राप्त गरेको पसल कोठाको भाडा कमी भएको सम्बन्धमा विवाद गरे भएको समेत देखिन नआएको अवस्थामा प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१)(३) र (४) बमोजिमको कसूर गरेकोले सजाय गरी विगो समेत असूल गरी प्राऊँ भनी लिएको अभियोग पत्रको मागदावी पुग्न नसक्ने ठहर्छ भन्ने विशेष अदालत काठमाडौंको मिति २०६७।१।२४ को फैसला।

१६) कम्पनी रजिष्ट्रारको कार्यालयले बोलपत्रको माध्यमद्वारा पसल कवल भाडामा लगाउन दिएको निर्देशनलाई पालना नगरी बोलपत्र बेगर पसल कवल भाडा लगाएको कार्यबाट प्रतिवादीहरूको वदनियत पुष्टि हुन आएको छ। प्रतिवादी रविन्द्रलाल श्रेष्ठ तत्कालिन राष्ट्रिय सभाको सदस्य रहेको अवस्थामा प्रतिवादी रमेशमान श्रेष्ठले निजको स्वकिय सचिव भई कार्य गरेको साथै निज रमेशमान श्रेष्ठको रविन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठसँग निकटतम सम्बन्ध रहेको भन्ने तथ्य प्रतिवादीहरूको बयानबाट देखिन्छ। विशाल बजार कम्पनीसँग पसल कवलहरू प्रतिवादी रमेशमान श्रेष्ठले भाडामा लिएपछि उक्त पसल कवलहरू निजले नेपाल इन्भेष्टमेन्ट बैंकलाई कम्पनीलाई बुझाउनु पर्ने भाडा भन्दा बढी भाडामा पुनः भाडामा दिएको र उक्त भाडाबाट प्राप्त रकम रविन्द्रलाल श्रेष्ठका भाई देवेन्द्रलाल श्रेष्ठको सोही बैंकमा रहेको खातामा जम्मा गरिदिएको अवस्था छ। रविन्द्रलाल श्रेष्ठ, देवेन्द्रलाल श्रेष्ठ र प्रतिवादी रमेशमान श्रेष्ठले भाडा रकम देवेन्द्रलाल श्रेष्ठको खातामा जम्मा गरिदिनु पर्ने कारणमा रमेशमान श्रेष्ठबाट पाउनु पर्ने ऋण रकम वापत त्यसरी भाडा रकम आफ्नो खातामा जम्मा गरेको हो भनी बयानमा उल्लेख गरेको भए तापनि रविन्द्रलाल श्रेष्ठ,

देवेन्द्रलाल श्रेष्ठ र प्रतिवादी रमेशमान श्रेष्ठका बीच ऋण लिनु दिनुको कुनै कानून आधार प्रमाण कागज पेश भएको पाइदैन। यसबाट ऋण वापतको रकम निजको खातामा जम्मा गरेको हो भन्ने कुरा तथ्ययुक्त रुपमा प्रमाणित हुन सक्ने अवस्था छैन। संचालक समितिको अध्यक्ष समेत रहेका रविन्द्रलाल श्रेष्ठ समेतले प्रतिवादी रमेशमान श्रेष्ठसँग मिलेमतो गरी पसल कवल निज रमेशमान श्रेष्ठलाई भाडामा दिई पुनः नेपाल इन्भेष्टमेन्ट बैंकलाई बढी रकममा भाडामा लगाई बीचको मार्जिन रकम भाई देवेन्द्रलाल श्रेष्ठको खातामा जम्मा गराएको स्पष्ट देखिन आएबाट निजहरूले विशाल बजार कम्पनी लिमिटेडलाई हानी नोक्सानी पुऱ्याएको र आफूलाई फाईदा हुने कार्य गरी आरोपित कसूर गरेको स्पष्ट रुपमा प्रमाणित भईरहेको हुँदा निजहरूलाई सफाई दिने गरी विशेष अदालतबाट भएको मिति २०६७।१।२४ को फैसला त्रुटिपूर्ण भएकोले बदर गरी प्रतिवादीहरूलाई आरोपपत्र मागदावी बमोजिम सजाय गरीपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा पर्ने आएको पुनरावेदनपत्र।

१७) यसमा नेपाल सरकार पुनरावेदक र यिनै प्रतिवादी समेत प्रत्यर्थी भएको ०३२३ को घरभाडा रकम दाखिला मुद्दा साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।११।३ को आदेश।

१८) यसमा प्रतिवादी रविन्द्र भन्ने रविन्द्रलाल श्रेष्ठले रमेशमान श्रेष्ठ र नेपाल इन्भेष्टमेन्ट बैंकसँग गरेको करार बमोजिमको घर भाडाको रकम मध्ये ठूलो हिस्साको रकम आफ्नो खातामा आउने गरेको तथ्यलाई स्वीकारेको र सो रकम ऋण वापत प्राप्त गरेको भन्ने जिकिर अनुरुपको कुनै ऋण लिनुदिनु गरेको प्रमाणको अभाव रहेको यस स्थितिमा Sub Lease गर्न सक्ने भनी कम्पनीका संचालक सिमितको अध्यक्षको खातामा रकम जम्मा भएको अवस्थामा पनि सफाई दिएको शुरु विशेष अदालत काठमाडौंको फैसला फरक पर्न सक्ने हुँदा छलफलको निमित्त अ.वं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।११।१७ को आदेश।

१९) नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहिलका मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो।

२०) पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान उपन्यायाधिवक्ता श्री पुण्य प्रसाद पाठकले विशाल बजार कम्पनी नेपाल सरकारको पुर्ण स्वामित्व भएका संस्थानहरुको ३४% शेयर भएको संस्था हो। विशाल बजार कम्पनी विनियमावलीमा कोठा भाडामा दिंदा शेयर होल्डरलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। पसल कोठाहरू भाडामा दिंदा प्रतिस्पर्धा गराई टेन्डर निकाली भाडामा दिनुपर्नेमा त्यस्तो हुन सकेको पाइँदैन। प्रतिवादी रमेशमान श्रेष्ठले विशाल बजार कम्पनीका पसल कवाल भाडामा लिई सो भन्दा बढी मूल्यमा नेपाल इन्भेस्टमेन्ट बैंकलाई भाडामा दिई प्राप्त हुन

आएको बढी भाडा प्रतिवादी मध्येका देवेन्द्रलाल श्रेष्ठ र रविन्द्रलाल श्रेष्ठको नामको खातामा जम्मा गरेको कार्य भ्रष्टाचार निवारण ऐनद्वारा परिभाषित कसूर अन्तर्गत पर्ने हुँदा अभियोग मागदावी अनुरुप सजाय हुनु पर्दछ भनी र प्रतिवादीहरूका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरू श्री नरेन्द्र कुमार पाठक, श्री सुशिल पन्त, श्री बद्रीबहादुर कार्की, श्री शम्भु थापा र विद्वान अधिवक्ता श्री विमल सुवेदीले विशाल बजार कम्पनी लि. र रमेशमान श्रेष्ठका बीच भएको मिति २०६०।१०।२० को करारनामा र कम्पनीको नियमानुसार पसल अरुलाई सव लिजमा दिन पाउने देखिन्छ। रमेशमान श्रेष्ठ शेयरधनी हुन् र उनले शेयरधनीका नाताले भाडामा लिन पाउने हक स्थापित भएको छ। उनले कम्पनीसँग आफूले सव लिज गरि जति रकम भाडामा दिने सम्झौता भएको हो सो अनुरुपको भाडा रकम कम्पनीलाई बुझाई बढी हुन आएको भाडा रकम मात्र रमेशमान श्रेष्ठले देवेन्द्रलाल श्रेष्ठसँग लिएको ऋण वापत भुक्तानी दिँदा कागज खोई भनी प्रश्न उठाउने कुरा औचित्यहीन छ। यहाँ सक्षम २ पक्षहरूबीच भाडामा लिने र दिने गरी करार भएको छ। देवानी दायित्वको विषय फौजदारी दायित्व अन्तर्गत पर्दैन र शेयर किनेको कुरा भ्रष्टाचार अन्तर्गत पर्दैन। अभियोजन पक्षले के कारणले भ्रष्टचार गऱ्यो भन्ने पुष्टि गरेको छैन। खातामा पैसा गयो भन्दैमा भ्रष्टाचार मान्न मिल्दैन अभियोजन पक्षले खम्वीर प्रमाण पेश नगरेकोले शुरु विशेष अदालतको फैसला सदर हुनु पर्दछ भनी वहस प्रस्तुत गर्नुभयो।

२१) उपर्युक्त वहस समेत सुनी निर्णय तर्फ विचार गर्दा, विशेष अदालतको फैसला मिलेको छ वा छैन, अभियोग दावी बमोजिम सजाय गरीपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्छ वा पुग्दैन भन्ने तर्फ विचार गर्दा देहाय बमोजिमका प्रश्नहरुको निरुपण हुनु पर्ने देखियो

(क) विशाल बजार कम्पनीमा भएको भनिएको भ्रष्टाचारजन्य कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान हुन र मुद्दा चल्न सक्छ वा सक्दैन।

(ख) विशाल बजार कम्पनी के कस्तो प्रकृतिको कम्पनी हो ? कम्पनी र यसका संचालक र शेयरधनी बीचको सम्बन्धको प्रकृति के कस्तो हो ? सो सन्दर्भमा प्रतिवादीहरु मध्ये को कस्को के कस्तो दायित्व रहने परीकल्पना कम्पनी ऐनले गरेको छ।

(ग) विशेष अदालतको फैसला मिलेको छ वा छैन, प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय हुने हो वा होइन।

२२) सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा विशाल बजार कम्पनी २०२६ सालमा कम्पनी ऐन, २०२१ अन्तर्गत संस्थापित कम्पनी हो भन्ने अनुसन्धानबाट देखिएको छ। कम्पनीको कुल चुक्ता पुँजी रु ४,९१,४०,०००।– र ४,९१,४००। कित्ता शेयर रहेकोमा सरकारका पूर्ण स्वमित्वमा संस्थापित संस्थाहरुमा नेपाल खाद्य संस्थाको ७३,७१०।–

कित्ता, नेसनल ट्रेडिङ लिमिटेडको ६८,७९६।– कित्ता र कृषि सामाग्री संस्थानको २४,५७० कित्ता शेयर उक्त कम्पनीमा रहेको देखिन्छ। यी तीनवटा संस्थानको कूल शेयर हिस्सा करिव ३४% रहेकोमा सरकारी संस्थानको शेयर स्वामित्व रहेको संस्था हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(ङ) र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २(ग) मा वर्णित "सार्वजनिक संस्था" को परिभाषा भित्र विशालबजार कम्पनी पर्ने देखियो। यस अर्थमा कम्पनी भित्र कुनै भ्रष्टाचारजन्य कार्य भएमा अख्तियार दुरुपयोगको अनुसन्धान गर्ने क्षेत्राधिकार आकर्षित हुने र यो विवादको विषयवस्तु पर्ने नै देखियो। प्रतिवादीहरु मध्ये रविन्द्रलाल श्रेष्ठ विशालबजार कम्पनीको संचालक समितिको सदस्य र अध्यक्षको रुपमा कार्यरत व्यक्ति देखिएको हुँदा राष्ट्र सेवकको परिभाषा भित्र पर्ने व्यक्ति देखियो। अन्य प्रतिवादीहरुलाई राष्ट्र सेवकसँग मिलेमतो गरी भ्रष्टाचार पूर्ण कार्यमा संलग्न मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (३) (४) को आरोप लगाइएको पाइयो। सार्वजनिक संस्था भित्र कुनै राष्ट्रसेवक र निजसँग मिलेमतो गरि कसैले आफूलाई फाइदा र सार्वजनिक संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा त्यस्तो कार्यलाई भ्रष्टाचार मानिने हुँदा प्रस्तुत विवादमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न र मुद्दा चलाउने पाउने नै देखियो।

२३) प्रस्तुत मुद्दामा विशेष अदालतबाट फैसला हुँदा रमेशमान श्रेष्ठले शेयर नेपाल स्टक एक्सचेन्जबाट खरिद गर्दा सहप्रतिवादीहरुको कुनै संलग्नता नदेखिएको, शेयर खरिद गरी लिएपछि विशालबजार कम्पनीबाट रमेशमानका नाममा शेयर नामसारी गर्दा रविन्द्रलाल श्रेष्ठ संचालक समितिका सदस्यसम्म रहेको, निज एक्लैको निर्णयले शेयर नामसारी तथा पसलकोठा प्राप्त गरेको भन्ने ठोस प्रमाणबाट पुष्टि भएको नदेखिएको र रमेशमानले प्राप्त गरेको पसलकोठाको भाडा कम भएको भन्ने सम्बन्धमा विवाद परेको नदेखिएको भन्ने समेत आधारमा प्रतिवादीहरुलाई अभियोग दावीबाट सफाई दिने ठहर भएको पाइयो। यही नेर नै माथि उल्लेखित दोस्रो प्रश्न अर्थात विशालबजार कम्पनी के कस्तो प्रकृतिको कम्पनी हो? कम्पनी र यसका संचालक र शेयरधनी बीचको सम्बन्धको प्रकृति के कस्तो हो र सो सन्दर्भमा प्रतिवादीहरु मध्ये को कस्को के कस्तो दायित्व रहने भन्ने कुरा सान्दर्भिक देखिन आयो। प्रतिवादीहरुलाई अभियोग दावीबाट सफाई दिंदा विशेष अदालतले कम्पनी र शेयरहोल्डर बीचको सम्बन्ध तथा संचालक र कम्पनी बीचको सम्बन्ध के हो, संचालकले के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने तर्फ यथोचित ध्यान पुऱ्याएको देखिएन। यिनै प्रश्नहरुबारे स्पष्ट दृष्टिकोण विकास हुन नसक्दा विशालबजार कम्पनी विभिन्न कानूनी र संस्थागत उल्झनमा परेको देखिन्छ। यी प्रश्नहरुको यथोचित जवाफ केवल प्रस्तुत मुद्दाको निरोपणको लागि मात्र नभै कर्पोरेट क्षेत्रमा हुने भ्रष्टाचार तथा कुशासनको अन्त्यको लागि पनि जरुरी देखिन्छ।

२४) वस्तुतः कम्पनी ऐन, २०२१ वा कम्पनी ऐन, २०५३ वा कम्पनी ऐन, २०६३ सबै ऐनहरुमा कम्पनीलाई शेयरवालाहरु भन्दा पृथक अबिछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा हेरिएको छ। यस्तो कम्पनीको कारोबारको सम्बन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहने कुराहरु पनि ऐनहरुले स्पष्ट गरेका छन्।[1] स्थापना पश्चात कम्पनीले स्वतन्त्र कानूनी व्यक्तित्व हासिल गरी आफ्नै नामबाट कारोबार गर्ने र त्यस्तो कारोबारमा शेयरधनीको प्रत्यक्ष संलग्नता नरहने हुँदा त्यस्तो कारोबारको परिणाम स्वरुप निस्कने नोक्सानमा शेयरधनीको दायित्व पनि शेयरको लागि **"कबुल गरेको रकम सम्म"** मात्र सिमित राखिएको हुन्छ। लिमिटेड कम्पनीको यो अन्तरवस्तु र सैद्धान्तिक परिवेशबारे स्पष्ट हुन नसक्दा सम्बन्धहरुको स्पष्ट रेखा कोर्न कठिन हुन्छ। ज्ञातब्य के छ भने कम्पनीको शेयर खरिद गरेर शेयरधनीले जुन आर्थिक लगानी गर्छ सो सम्पतीको नियन्त्रण र व्यवस्थापन ऊ आफूले गर्दैन। त्यसको लागि उसले साधारणसभाबाट चुनिएका संचालकहरुलाई जिम्मा लगाउँछ। यी संचालकहरु शेयरधनी मध्येका व्यक्ति वा विशेष योग्यता वा व्यवसायिक भएका स्वतन्त्र व्यक्ति पनि हुन सक्छन्। हाम्रो कम्पनी कानूनले यो कुरालाई स्वीकार गरेको छ। कम्पनी कानूनको विकासको यो परिवेशलाई सन् १९३२ मै Adolf A. Berle and Gadiner C. Means ले आफ्नो पुस्तकमा यसरी लेखेका छन्:

> " The corporation has, in fact, become both a method of property tenure and a means of organizing economic life … corporation is a means where by the wealth of innumerable individuals has been concentrated into huge aggregates and whereby control over his wealth has been surrendered to a unified direction…….has effectively broken the old property relationship…..the property owner who invests in a modern corporation so far surrenders his wealth to those in control of the corporation that he has exchanged the position of independent owner for one in which he may become merely recipient of the wages of capital"[2]

२५) आधुनिक कम्पनी कानूनहरुले कम्पनीको कारोवारमा शेयरधनीको सिमित दायित्व रहने कुरालाई स्वीकार गरेका छन्। सिमित दायित्वको अर्को अर्थ माथि भनिए जस्तो कम्पनीको व्यापारिक कारोबारमा शेयरधनी प्रत्यक्षतः संलग्न हुदैन भन्ने नै हो। कारोबारमा कम्पनी नै सोझै संलग्न हुने हुँदा हिसाब किताबमा पनि यसले नै राख्ने हो। त्यसैले कुनै शेयरधनीले बीचमा फौबन्जारी वा नाफाखोरी गर्ने वा कम्पनीको कारोबारमा प्रत्यक्ष वा परोक्ष रुपमा हस्तक्षेप गर्ने कुरालाई कम्पनी कानूनले स्वीकार गर्दैन।

२६) उपर्युक्त सैद्धान्तिक परिप्रेक्ष्यमा विशालबजार कम्पनीको स्थापनाको उद्देश्य र कारोबारको प्रकृति हेर्दा यो कम्पनी २०२६ सालमा स्थापना हुँदा मुल रुपमा विभिन्न

---

[1] कम्पनी ऐन २०५३ दफा ९, कम्पनी ऐन, २०६३ दफा ८

[2] THE MODERN CORPORATTION AND PRIVATE PROPERTY (Transaction Publishers, 1932) at p.3.5

किसिमका व्यापार व्यवसाय अर्थात आयात, निर्यात, जमिन, भवन खरिद गर्ने, बहाल लिने दिने आदि नाफा मूलक व्यापारिक प्रकृतिका काम गर्ने उद्देश्यबाट स्थापना भएको भन्ने यसको प्रवन्धपत्रको दफा २ को अध्ययनबाट देखिन्छ। स्थापना हुँदा कहिं कतैपनि विशालबजार निर्मित कोठा कवलहरु बहालमा दिँदा शेयरधनीहरुलाई प्राथमिकता दिइने भन्ने उल्लेख भएको प्रवन्धपत्र वा नियमावालीबाट देखिँदैन। २०४९ सालमा कम्पनीको प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली बनेपछि सो को परिच्छेद ५ को बुदा ५ .१ .१ मा पसल कोठा बहालमा दिँदा शेयरधनीलाई प्राथमिकता दिइने प्रावधान राखिएको र सोही प्रावधान २०६४ को विनियमावलीको परिच्छेद-४ को विनियम ४.१.१ मा उल्लेख भएको देखिन्छ। यिनै व्यवस्थाहरुको कारण कम्पनीको सञ्चालनमा अव्यवस्था र मनपरीहरुले राज गरेको देखिन्छ। कम्पनीसँग सम्बन्धित फाइल हेर्दा शेयर लिएपछि कवल भाडामा लिन पाइने, शेयर नामसारी हुँदा भाडा लिएको कवल पनि नामसारी हुने, भाडामा लिएपछि पुनः भाडामा दिई बीचमा मार्जिन खान पाइने, भाडामा उपलब्ध गराउँदा शेयरको अनुपातमा कवल भाडामा उपलब्ध नगराई पक्षपात पूर्ण व्यवहार गर्न पाइने आदि कुराहरु विशालबजार कम्पनीमा नियम जस्तै बनेको देखिन्छ।

२७) यो कुराको एउटा दृष्टान्त प्रस्तुत मुद्दाले नै देखाएको छ। प्रस्तुत मुद्दामा शेयरधनी रमेशमान श्रेष्ठले २०६०।१०।२० मा विशालबजार कम्पनीसँग मासिक रु १,००,७९३।- मा भाडामा लिएको नं.९९ र ५१ को कवलहरु त्यसको भोलीपल्ट अर्थात २०६०।१०।२१ मा नेपाल इन्भेष्टमेन्ट बैंकलाई रु ३,७६,२००।- मा र ९७.५ वर्ग फिट क्षेत्रफलको अर्को पसल प्रतिमहिना रु ९७५० मा पुनः भाडामा लगाउने सम्झौता गरेको देखिन्छ। अर्थात विशालबजार कम्पनीलाई जति रकम भाडाबापत तिर्ने वा बुझाउने हो सो को तिन सय प्रतिशत भन्दा बढिमा रमेशमानले पुनः भाडाबापतमा रकम प्राप्त गर्ने प्रबन्ध मिलाएको देखिन्छ। जब विशालबजार कम्पनी नै घर पसल कवल निर्माण गरी भाडामा लगाउन समेतको लागि स्थापना भएको छ भने यो कार्य कम्पनीले सोझै नगरी शेयर बापत लाभांश सम्म पाउने हक राख्ने शेयरधनीलाई गर्न दिई भाडाको अत्यन्त ठूलो हिस्सा शेयरधनीको पोल्टामा पार्ने कार्य किन गरेको हो र यो कुरा सम्पूर्ण शेयरधनीहरुको हितमा काम गर्नु पर्ने कर्पोरेट क्षेत्रको सुशासनको दृष्टिबाट कति उचित वा अनुचित के छ भन्ने पनि हेर्नु पर्ने हुन आएको छ।

२८) विशाल बजार कम्पनीको कवल भाडामा दिँदा पक्षपात गरिएको रहेछ भन्ने पनि प्रस्तुत मिसिलको अध्ययनबाट देखिन्छ। उदाहरणको लागि कम्पनीमा नेपाल खाद्यसंस्थानको नाममा ७३,७१० कित्ता (अर्थात १५%) नेशनल ट्रेडिङ लिमिटेडको नाममा ६८,७९६ कित्ता (अर्थात १४%) र कृषि सामाग्री कम्पनी लिमिटेडको नाममा २४,५७० कित्ता (अर्थात ५%) शेयर गरी पूर्ण सरकारी स्वामित्वमा रहेका तीनवटा संस्थानको शेयर

हिस्सा करिव ३४% रहेकोमा विवाद छैन। विशालबजार कम्पनीको कूल ३४६ वटा पसल कवलमा समानुपातिक हिसाबबाट पसल कवल पाउने हो भने यी तीनवटा संस्थानहरुले ११८ वटा कवल भाडामा पाउनु पर्ने हुन्छ। तर मिसिल हेर्दा नेसनल ट्रेडिङ लिमिटेडले मात्र एउटा कवल प्राप्त गरेको र अन्य ३४५ वटा कवलहरु विना वोलपत्र संचालक समितिको निर्णयबाट विभिन्न व्यक्तिलाई र ती मध्ये अधिकांश कवलहरु विभिन्न शेयरधनीहरुलाई भाडामा लगाएको पाइन्छ। यही नै विशालबजार कम्पनीमा रहेको सबैभन्दा ठूलो आर्थिक गोलमाल र अनियमितता रहेछ भन्ने अध्यनबाट देखियो। यसबाट बहुसंख्यक शेयरधनी तथा संचालकहरुद्वारा अल्पसंख्यक शेयरधनी उपर थिचोमिचो हुन गएको मात्र नभई बहुमत शेयरधनीले कम्पनीको हितमा असल नियतले काम गर्नु पर्ने दायित्वको उल्लंघन हुन गएको पनि देखिन्छ। मिसिल हेर्दा मिति २०५२।७।३ मा नै कम्पनी रजिष्ट्रारको कार्यालयबाट पसल कवलहरु खुला प्रतिस्पर्धाको पद्धति बोलपत्रको माध्यमबाट व्यवस्थित गर्न र कम्पनीको पसल कवल कम भाडा दरमा लिने व्यक्तिले लिएको पसल कवललाई बढी भाडा दरमा लगाउने प्रवृतिले राजस्व संकलन र शेयरधनीको हितमा प्रतिकूल असर पर्न गएकोले त्यस्तो प्रवृतिको अन्त्य गराउने सन्दर्भमा ६ बुँदे निर्देशन दिएकोमा सो निर्देशनको उल्लघंन हुँदै आएको पाइयो। यस्तै गरी मिति २०५५।१।३० र २०५७।१०।३ मा पनि कम्पनी रजिष्ट्रारको कार्यालयले निर्देशनहरु दिएको भन्ने पनि देखियो । यसको अतिरिक्त कम्पनी वोर्डले पनि मिति २०५८।११।१ मा **"अब आइन्दा पसल कवल भाडामा दिँदा सार्वजनिक रुपमा खुला प्रतिस्पर्धा गराएर मात्र पसल कवल भाडामा दिई व्यवस्था गर्न विशालबजार कम्पनीलाई आदेश दिनुपर्ने ठहर्छ"** भनी निर्णय गरेको देखियो।

२९) कम्पनी ऐन, २०५३ को दफा ९५ र कम्पनी ऐन २०६३ को दफा १२० ले कम्पनीको कामकारवाहीमा कम्पनी रजिष्ट्रारको कार्यालयले कैफियत तलब गर्न सक्छ। कैफियत तलब मागको सिलिसिलामा कम्पनीको काम कारवाहीमा कुनै अनियमितता देखिएमा सो नियमित गर्न गराउन कार्यालयले कम्पनीलाई आवश्यक निर्देशन दिन सक्छ र त्यस्तो निर्देशनको पालना गर्न कम्पनी कानूनतः बाध्य हुन्छ। तर प्रस्तुत मुद्दामा कम्पनी रजिष्ट्रारको कार्यालयबाट दिइएको बाध्यकारी निर्देशनहरुको पनि उलंघन हुन गएको र शेयरलाई पसलसँग आवद्ध गरी भाडामा दिने कार्यले निरन्तरता पाएको देखियो। माथि उल्लेखित सबै कार्यहरुको दोषी केवल प्रतिवादीहरु मात्र हुन्छन भन्ने होइन। तर यहाँ प्रतिवादीहरु उपर मुद्दा चलेको र कम्पनी संचालनको सैद्धान्तिक पाटो र कानूनी बाध्यताका कुराहरु उपर गैहिरिएर नहेरेसम्म प्रतिवादीहरुबाट कुनै कसूर नगरिएको र चलिरहेको प्रचलन र व्यवहार (Business as usual) मा प्रतिवादीहरु सहभागी भएको सम्म देखिने हुन सक्छ। विशेष अदालतको फैसला अध्ययन गर्दा

कम्पनी सुशासनको सैद्धान्तिक पाटो र कानूनी बाध्यता दुवै तर्फ उचित दृष्टि नपुर्‍याई निर्णय निस्कर्षमा पुगेको देखियो।

३०) यस विषयमा अझै स्पष्ट रुपमा भन्नु पर्ने कुरा के छ भने यद्दपि कम्पनीका संचालकहरुको जस्तो न्यासधारी कर्तव्य (Fiduciary Duty) शेयर शेयरधनीहरुमा रहन्छ वा रहदैन भन्नेमा संसारमा एउटै धारणा छैन। शेयरधनीहरुलाई आफ्नो लगानीको उच्च प्रतिफल खोज्ने हक अवश्य रहन्छ। तसर्थ देवदुत (Angel) जस्तो सर्वहितकारी कार्य गर्ने बाध्यता उनीहरुलाई छैन। तर बहुमतको नाममा अल्पमत उपर जालसाजी (Fraud on the minority) गर्ने वा उनीहरुलाई थिचोमिचो (oppress) गर्ने, उनीहरुको शेयरको मुल्य घट्ने वा नकारात्मक मत हाल्न सक्ने शक्ति क्षेय हुने स्थिति पार्ने वा कम्पनीको उचित उद्देश्य (proper corporate purpose) विपरित कार्य गर्ने परिस्थिति पार्ने अधिकार शेयरधनीहरुमा रहदैन। अझ भनौ विशालबजार कम्पनिको माथि उल्लेखित विनियमावलीको व्यवस्थाको आडमा नाफाखोरी गर्ने अधिकार शेयरधनीहरुमा कदापि रहदैन। शेयरधनीहरुलाई यसो गर्न दिनु कम्पनी कानूनको आधारभुत नियमको वर्खिलाप हुन जान्छ। यस्ता अवस्थामा अदालतहरुले बहुमत शेयरधनीका काम कारवाहीलाई अमान्य घोषित गरेको[3] पाइन्छ। यसको अतिरिक्त शेयरधनीहरुले जहाँ हस्तक्षेप गरी सञ्चालकहरुको काम कारवाही उपर नियन्त्रण गर्नु पर्ने हुन्छ र त्यस्तो नगरिएको स्थिति छ भने अदालतहरुले हस्तक्षेप गरी गलत कामलाई रोकेका दृष्टान्तहरु छन्।[4]

३१) संक्षेपमा माथि उल्लेख गरेजस्तै बहुमत वा नियन्त्रणकारी शेयरधनी (Controlling shareholders) हरुको न्यासधारी कर्तव्य (Fiduciary) हुन्छ वा हुँदैन भन्नेमा अंग्रेजी र अमेरीकी अदालतहरुको फरक-फरक धारणा रहे पनि बहुमतले जब अल्पमतलाई शेयर मार्फत गरेको लगानी र त्यसबाट लाभांश पाउने अपेक्षा वा प्रबन्धमा नै सारभूत रुपमा असर पारेको छ, थिचोमिचो गरेको छ र यस्तोकार्य स्वस्थ व्यापारिक नीति (Sound Business Principle) मा आधारित पारदर्शी एवं र जिम्मेवारीपूर्ण छैन भने अदालतहरुले हस्तक्षेप गरेका छन्।[5] संक्षेपमा कम्पनी भित्र कुशासनले घर जमाएको स्थितिमा

---

[3] B. Brown v. British Abrasive Wheel Co. Ltd (1919) 1.Ch. 290; यो मुद्दामा ९०% शेयरधनीहरुले अल्पमतको शेयर प्राप्त गर्ने (Acquire) गरी Article of Association परिवर्तन गरेको र सो सर्तमा Capital बढाएकोमा असल नियत (Good faith) देखिएन भनी अदालते त्यस्तो प्रस्तावलाई अमान्य घोषित गर्‍यो।

[4] Cook v. Deek (1916)1.AC 554 (PC) Director ले कम्पनीको नाममा करार नगरी आफ्नो नाममा करार गरेकोमा बहुमत शेयरधनीहरुले त्यसलाई रोकेनन् जसको कारण कम्पनीलाई हुने नाफा डाइरेक्टरको पोल्टामा गयो। डाइरेक्टरको कामलाई अनदेखा (Ignore) गर्ने बहुमत शेयरधनीहरुको कार्यलाई Fraud on the Minority भन्दै अदालतले अमान्य घोषित गर्‍यो। त्यस्तै गरी Allen v. Gold Reefs of West Africa. Ltd(1900) 1.Ch.B56(C.A.) मा अदालतले बहुमत शेयरधनीले प्रबन्धपत्र र नियमावली संसोधन गर्दा असल नियत(Good Faith) ले र कम्पनीको हितमा गरिनुपर्छ भनेको छ।

[5] Zipora Cohen, Fiduciary Duties of Controlling Shareholders: A Comparative View, U.pa.J.int'l Bus.L(Vol 12:3 1991) 379; त्यस्तै गरी हेर्नुहोस Brian R Cheffins, "Does law matter? The Separation of ownership and control in the united States, 30 J. Legal Studies (June 2001) 459

अदालत मुकदर्शक भएर कदापि रहन मिल्दैन। तुलनात्मक विधिशास्त्रको अध्ययनबाट यो कुरा स्पष्ट सँग देखिन्छ।

३२) अब कम्पनी भित्र कुशासन हुन गएमा कसले हेर्ने हो भन्ने प्रश्न पनि माथि गरिएको सैद्धान्तिक चर्चामा अवस्य उठ्छ। यसको जबाफमा तीन कुराहरु भन्न सकिन्छ। सर्वप्रथम त कम्पनी भित्र शुसासन कायम गर्ने जिम्मेवारी कम्पनी भित्रको आन्तरिक संरचना अर्थात संचालकहरु र साधारणसभाको हो। यदि यी दुवैवटा संरचनाहरुले सही ढंगले काम गरेका छैनन् भने कम्पनी राजिष्ट्रारको कार्यलयले पनि कैफियत तलब गरी हस्तक्षेप गर्न सक्छ। यदि उसले पनि गरेको छैन वा उसको वाध्यकारी शक्तिलाई पनि उपेक्षा गरिएको छ भने अल्पमत शेयरधनीहरुले अदालतमा मुद्दा लिएर पनि जान सक्छन्। यी व्यवस्थाहरु कम्पनी ऐन भित्र नै छन् र यिनमा कुनै द्वीविधा छैन। तर स्वार्थवस यदि यी मध्ये कुनै वा सबै माध्यमहरु प्रयोग भएको छैनन् र कम्पनी भित्र भ्रष्टाचार भएको छ र कम्पनी सार्वजनिक संस्था हो भने मुलुकको भ्रष्टाचार सम्बन्धी कानून आकर्षित नहुने भन्ने कुरै हुदैन। यस अदालतले सार्वजनिक संस्थाको परिभाषा भित्र पर्ने बैंकिङ र अन्य कम्पनीहरुको काम कारवाहीमा के कस्तो अभियोग पत्र ल्याइएको छ सो अभियोग पत्रको सीमा भित्र रही मुद्दा हेरी भ्रष्टाचार मुद्दाहरुमा निर्णय गरेको पनि छ।[6]

३३) शेयरधनीको अलवा प्रस्तुत मुद्दासँग सम्बन्धित कम्पनी कानूनको एउटा अर्को पाटो अर्थात कम्पनी र यसका संचालकको कम्पनीसँग कस्तो सम्बन्ध रहन्छ, भन्ने पनि हो। कम्पनी कानूनले यसलाई कसरी हेरेको छ र संचालकहरुको कम्पनी प्रति के कस्तो दायित्व रहन्छ भन्ने बारेमा पनि यहाँ चर्चा गर्नु सान्दर्भिक देखिन्छ। यसबारे प्रारम्भ मै के कुरा स्पष्ट गर्न आवश्यक छ भने हाम्रो कम्पनी ऐन, २०५३ वा कम्पनी ऐन, २०६३ ले त्यही सैद्धान्तिक धारलाई अंगालेको छ जुन विकसित मुलुकहरुका कम्पनी कानूनहरुमा अंङ्गालिएको छ। यसमा सबै भन्दा महत्वपूर्ण कुरा सञ्चालकहरुको न्यसधारी कर्तव्य(Fiduciary Duty) नै हो। कम्पनी ऐन, २०५३ को दफा ६९(१)(क), दफा ७३(१)(ङ), दफा ७६(२), दफा ८०(१)(३) एवं कम्पनी ऐन २०६३ का दफा ८९(१) (च), दफा ९२(१) (क), दफा ९२(४) दफा ९३(१) र (२), दफा ९४(५) , दफा ९५(२) र (४), दफा ९९ लगायतका व्यवस्थाहरुले सञ्चालकहरुको न्यासधारी कर्तव्यको सिद्धान्त (Principle of fiduciary duty) लाई नै औल्याउछन्। न्यासधारी कर्तव्य अन्तरगत उनीहरुले कम्पनीको एजेन्टको हैसियतले असल नियतले कम्पनीका हितमा कार्य गर्नु पर्ने, स्वार्थ बाझिएमा त्यसको जानकारी गराई त्यस्तो स्वार्थ

---

[6] प्रदीप के.सी. विरुद्ध नेपाल सरकार (ने.का.प. २०६८, नि.नं. ८६८८, पृ. १५७०,श्री कृष्ण श्रेष्ठ समेत वि. नेपाल सरकार ने.का.प. २०६९, नि.नं. ८७६७ पृ. २०९, चक्र ब. कार्की समेत वि. नेपाल सरकार ने.का.प. २०६०, नि.नं. ८६८३, पृ. १४९९, नेपाल सरकार वि. शेरबहादुर थापा, समेत २०६२ सालको फौ.पु.न ३६४२ निर्णय मिति २०७३।४।२२)

बाझिने कार्यबाट अलग रहनु पर्ने, कम्पनीसँग आर्थिक कारोबार वा अर्थपूर्ण कारोबारमा प्रत्यक्ष वा परोक्ष कुनै पनि रुपमा संलग्न रहन नहुने, आफुलाई प्राप्त अख्तियारी नाघेर कार्य गर्न नहुने, आफ्नो कारण कम्पनीलाई कुनै हानी नोक्सानी हुन आएमा त्यस्तो हानी नोक्सानी सो तिर्ने बुझाउने र त्यसरी हुन पुगेको हानीबाट कम्पनीलाई मुक्त (Indemnify) गर्ने कर्तव्यहरु पर्छन्। यस्ता कर्तव्यहरुबाट विमुख हुने कुनै कार्य संचालकले गर्नु हुदैन। सो कुरा सञ्चालकले मात्र नभै उसको नजिकको नातेदार वा गहिरो आर्थिक कारोवार भएको व्यक्तिले पनि गर्नु हुदैन। यी कुराहरुलाई हाम्रो कानूनमा स्वीकार गरिएको छ।- यसो गर्नुको पछाडि शेयरधनीहरुले कम्पनीमा शेयर मार्फत लगानी गरेपनि आफ्नो सम्पतिको व्यवस्थापनमा संलग्न रहदैनन्। यो व्यवस्थापनको कार्यमा सञ्चालकहरु संलग्न रहने हुँदा उनीहरुले परम विश्वासको कर्तव्य (Duty of Trust) निर्वाह गर्नु पर्छ; उनीहरु आफ्नो गुण भर्ने (Feathering own's nest ) जस्ता कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रहन हुदैन भन्ने नै हो। कम्पनीका सञ्चालकको कर्तव्य बारेमा एउटा बेलायती मुद्दामा करिब २ सय वर्ष पहिले लर्ड कानवर्थ (Lord Cranworth, L.C.) ले व्यक्त गरेको देहायको भनाई अहिले पनि उत्तिकै सम्झना गरिन्छ जुन यहाँ सान्दर्भिक पनि देखिन्छ। उनी भन्छन्:

> "A corporate body can only act by agents and, it is, of course, the duty of those agents so to act as best to promote the interests of the corporation whose affairs they are conducting. Such agents have duties to discharge of a fiduciary nature towards their principal. And it is a rule of universal application that no one, having such duties to discharge, shall be allowed to enter into engagement in which he has, or can have, a personal interest conflicting, or which possibly may conflict, with the interests of those whom he is bound to protect....So strictly is this principle adhered to that no question is allowed to be raised as to the fairness or unfairness of a contract so entered into......"[7]

३४) सञ्चालकले कम्पनीसँग करोवार गर्नु हुँदैन भन्ने कुरालाई केवल सञ्चालकहरुको हकमा प्रत्यक्षतः गरिएका कारोवारमा मात्र नभै उनीहरुको प्रत्यक्ष वा परोक्ष स्वार्थ रहेका सबै कारोबारमा समेत उत्तिकै कडाईका साथ हेरिन्छ। यसको स्पष्ट सन्देश र मतलव के हो भने सञ्चाकहरुलाई कम्पनीको सम्पत्ति, अवसर र सुचनाहरु प्राप्त हुन्छन्। त्यसको उनीहरुले आफ्नो निम्ति प्रयोग गर्नु हुदैन। कम्पनी प्रति उनीहरुको पूर्ण समर्पण र भक्ती रहनुपर्छ।[8] उनीहरु कम्पनीको न्यासी (Trustee) एजेन्ट, संरक्षक, प्रवर्द्धक र निर्देशक/सञ्चालक एकैसाथ हुने हुँदा उनीहरुले पूर्ण होसियारीका साथ काम गर्नुपर्छ। यो कर्तव्य सञ्चालकहरुमा सामुहिक र व्यक्तिगत दुवै रुपमा रहन्छ। मेरो मात्र निर्णयबाट अमुक कार्य भएको होइन भनी कुनै सञ्चालकले न्यासधारी कर्तव्यबाट उन्मुक्ति पाउँदैन।

---

[7] Aberdeen Ry.v.,Blaikie [1854] 1 Macq.H.L.461 (H.L.SC.) 471-473 also Cited in GOWER'S PRINCIPLES OF MODERN COMPANY LAW (5 th ed 1992) at p559.

[8] Gower, Id.at p. 560-564

३५) उपर्युक्त सैद्धान्तिक सन्दर्भमा प्रस्तुत मुद्दामा हेर्दा प्रतिवादीहरुका मूलरुपमा तीनवटा कार्यहरुबारे विवेचना गर्नुपर्ने हुन आयो। पहिलो रमेशमान श्रेष्ठले शेयर खरिद गरेको कार्य, दोस्रो निजले नै शेयरवापत विशालबजार कम्पनीको पसल कवल भाडामा लिएको कार्य र तेस्रो भाडामा लिएको पसल कवल तीनगुणा भन्दा बढिमा भाडा लगाई नाफा लिएको कार्य। यी तीनवटा कार्यमा तीन जना प्रतिवादीहरुको मिलेमतो छ वा छैन भन्ने कुरा पनि सन्दर्भवस स्पष्ट गर्नुपर्ने हुन्छ। प्रतिवादीहरु मध्ये रबिन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठ एकै वतनमा रहने दाजु भाई हुन् भन्ने कुरालाई प्रतिवादीहरुले स्वीकार गरेको देखिन्छ। हामीहरुबीच वण्डा भै सकेको छ भन्ने निजहरुको भनाई देखिन्छ। रमेशमान श्रेष्ठ मिति २०५४।७।१५ देखि २०६०।३।१२ सम्म रविन्द्रमान सदस्यको निजी सचिव रहेको भन्ने संसद सचिवालयको मिसिल संलग्न मिति २०६३।९।२३ च.नं. ९२ को पत्रबाट देखिन्छ। निजलाई वयान दिन आउनु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पत्र बुझाउँदा पनि निज रविन्द्रलाल श्रेष्ठको पसलमा नै भेटिएको कुरा निजले आयोगमा दिएको बयानबाट देखिन्छ। यसरी हेर्दा यी प्रतिवादीहरु मध्ये रविन्द्रलाल र देवेन्द्रलाल बीच दाजु भाईको नाता र रमेशमान श्रेष्ठसँग गहिरो सम्बन्ध रहेको देखिन्छ।

३६) अब जहाँसम्म शेयर खरिदको प्रश्न छ रमेशमान श्रेष्ठले रमेशमान प्रधान र रत्नश्री प्रधानसँग शेयर खरिद गरेको विषयमा अन्य प्रतिवादीहरु वा विशाल बजार कम्पनीको कुनै संलग्नता देखिदैन। लिमिटेड कम्पनीको शेयर खुला बजारमा कसैले पनि खरिद गर्न सक्छ। त्यो आफैमा दोषपूर्ण हुने कुरा भएन। तर सो शेयरलाई विशालबजार कम्पनीको शेयरसँग आवद्ध गरी पसल कवलहरु भाडामा दिने लिने कार्य त्यसमा सञ्चालकको हैसियतले संलग्न रहने कार्य भने दुई कारणले दोषपूर्ण देखिन आयो। प्रथमतः शेयरवालालाई भाडामा प्राथमिकता दिने भन्ने कार्य विशालबजार कम्पनीका प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली अन्तरगत मान्यता प्राप्त छ भनिएता पनि यो कार्यले पसल कवल भाडामा पाउने र नपाउने गरी दुई वर्गका शेयरधनीहरु सृजना गर्छ। सोही कारण उनीहरुले गरेको लगानीको व्यवहारतः पृथक-पृथक मुनाफा प्राप्त हुने स्थिति बन्न जाने भएबाट यस्तो कार्य विशाल बजार कम्पनीको प्रवन्धपत्रको दफा ३.१ को व्यवस्थाको विपरित हुन जाने देखिन्छ।

३७) यो स्पष्ट हुन जरुरी छ कि कम्पनीको प्रवन्धपत्र शेयरधनीहरु बीचको मूल करार हो। प्रबन्धपत्रले सबै शेयर बराबर मूल्य रु. १००।-का भनी तोकेको छ; शेयरधनीहरु बीच वर्गीकरण गरेको छैन र शेयर वापत प्राप्त हुने लाभांश वा अन्य कुनै मुनाफामा भिन्नता गरेको छैन भने प्रवन्धपत्रको शब्द र भावना विपरित हुने गरी साधारण सभाले विनियमावली मार्फत अन्य कुनै व्यवस्था गर्न सक्दैन र सो व्यवस्थाले मान्यता प्राप्त गर्न सक्ने पनि हुँदैन। कम्पनी कानूनको यो सार तत्वलाई विशाल बजार कम्पनीको

व्यवस्थापन र सञ्चालनमा ध्यान दिइएको पाइएन। प्रवन्धपत्रको व्यवस्था संशोधन नगरेसम्म सो विपरीत हुने गरी विनियमावलीले कुनै व्यवस्था गरेको छ भन्दैमा त्यसले मान्यता पाउन सक्ने अवस्था रहदैन नत विनियमावलीको कुरा देखाएर भ्रष्टाचारपूर्ण कार्यबाट उन्मुक्ति पाउने नै हुन्छ। दोस्रो, आफ्नो निजी सहायक र कामदार प्र.रमेशमान श्रेष्ठलाई पसल कवल भाडामा दिने निर्णयमा रविन्द्रलाल श्रेष्ठको संलग्नता निजको न्यासी कर्तव्यको विपरित हुन जान्छ। यस्तो निर्णयमा संलग्न रहने कार्य दोषपूर्ण छ भने म एक्लैले सो कार्य गरेको होइन भनी आफ्नो आफ्नो उत्तरदायित्वबाट रविन्द्रलाल श्रेष्ठले पन्छिन पाउने हुँदैन।

३८) प्रस्तुत मुद्दामा रमेशमान श्रेष्ठलाई विशाल बजार कम्पनीको पसल कवल भाडामा दिने कार्यमा मात्र रविन्द्रलाल श्रेष्ठ संलग्न रहेको नभै मिति २०६०।१०।२१ मा नेपाल इन्भेष्टमेण्ट बैंकलाई पुनः भाडा (Sublet) मा दिएबापतको सम्पूर्ण मुनाफा निज र निजको भाई देवेन्द्रलाल श्रेष्ठको खातामा जम्मा गरेको देखिन्छ। अभियोग पत्र हेर्दा रमेशमान श्रेष्ठको लिखित अनुरोधमा मिति २०६० पौष देखि २०६२ वैशाख सम्म रु. ३६,७२,८७५।४२ देवेन्द्रलाल श्रेष्ठको इन्भेष्टमेण्ट बैंकमा रहेको खाता नं. १८१७६१० मा र २०६२ मा भाद्र देखि २०६५ साल फाल्गुण सम्मको रु.१,०२,८४,४४९।७० प्रतिवादी रविन्द्रलाल श्रेष्ठको सोही बैंकमा रहेको खाता नं. २५६६४१० मा जम्मा गरेको देखियो। सो रकम रमेशमान श्रेष्ठले रविन्द्रलालबाट सापट लिएको रकम फिर्ता गरेको हो भनी जिकिर लिए पनि विशेष अदालतमा वयान गर्दासम्म पनि त्यस्तो कुनै लेनदेनको लिखत पेश गरेको देखिंदैन न त कुनै सरकारी अड्डामा त्यस्तो कागज पेश भएको अवस्था छ। कपाली तमसुक सम्बन्धित पक्षहरुले पहिलेको मिति राखी जहिले पनि तयार गर्न सक्ने हुँदा त्यस्तो लिखतको आधारमा प्रतिवादीहरुले उन्मुक्ति पाउँछ भन्न मिलेन। तसर्थ रविन्द्रलाल श्रेष्ठबाट भएका कार्यहरु कम्पनी सञ्चालकले गर्न नहुने निजको न्यासी कर्तव्य (Fiduciary duty) को विपरित र कम्पनी ऐन, २०५३ को दफा ६९(१) (क), दफा ७३(१) (ङ) दफा ७६(२), दफा ८०(१), दफा ८०(३) कम्पनी ऐन, २०६३ को दफा ८९(१)(च), दफा ९२(१)(क), दफा ९२(४), दफा ९३(१) र (२), दफा ९४(५)दफा ९५(२) र (४) समेतको वर्खिलाप देखिन आयो। कम्पनीले सहज रुपमा पाउने पर्ने मुनाफा निजले आफ्ना मानिसहरु प्रयोग गरी आफूले लिए खाएको पाइयो।

३९) अब अभियोग दावी बमोजिम प्रतिवादीहरुलाई सजाय हुनु पर्ने हो वा होइन र यस सन्दर्भमा विशेष अदालतको फैसला मिले वा नमिलेको रहेछ भन्ने अन्तिम प्रश्न तर्फ हेर्दा विशाल बजार कम्पनी लिमिटेडमा नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरुको ३४ प्रतिशत शेयर रहेको कारण सार्वजनिक संस्था हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिधि भित्र पर्ने कुरा माथी उल्लेख

भइसकेको छ। प्रतिवादीहरु मध्ये रविन्द्रलाल श्रेष्ठ उपर भ्रष्टाचार निवारण ऐन २०५९ दफा ८(१) र (३) को आरोप र प्रतिवादी देवेन्द्रलाल श्रेष्ठ उपर सोही ऐनको दफा ८(१) र (४) को आरोप लागेको पाइयो। विशाल बजार कम्पनी लिमिटेडको सञ्चालक भएको कारण प्रतिवादी रविन्द्रलाल श्रेष्ठको हैसियत राष्ट्रसेवक भै निजले आफूलाई गैर कानूनी लाभ र सार्वजनिक संस्था विशाल बजार लिमिटेडलाई गैर कानूनी हानी पुऱ्याएको स्पष्ट देखियो। यो कसरी दोषपूर्ण छ, कम्पनी ऐनको संरचनागत दृष्टीबाट यो के कुन रुपबाट त्रुटीपूर्ण छ भन्ने बारे माथि वृस्तित विवेचना गरिएको छ। प्रतिवादीहरुले प्राप्त गरेको लाभ गैरकानूनी एवं अनाधिकृत रहेको स्पष्ट देखिएको छ। भ्रष्टाचारको स्पष्ट आरोप सहित मुद्दा चलेको मिसिल संलग्न रहेका तथ्यबाट विशाल बजार कम्पनीलाई गैरकानूनी हानी पुऱ्याएको भन्ने अभियोगपत्र रहेको स्थितिमा अब प्रतिवादीहरुको कसूर बारे हेर्दा रमेशमान श्रेष्ठले रविन्द्रलाल श्रेष्ठसँगको मिलेमतोमा रविन्द्रलाललाई फाइदा र विशाल बजार कम्पनीलाई गैर कानूनी हानी पुऱ्याएको र सो मध्येको विगो रु.३६,७२,८७५।४२ देवेन्द्रलाल श्रेष्ठको खातामा जम्मा भएबाट सो हदसम्म देवेन्द्रलाल श्रेष्ठ समेतको संलग्नता देखिँदा निज प्रतिवादीहरु निर्दोष रहेछन् भन्न मिलेन। तसर्थ प्रतिवादीहरुको कार्यलाई दोष रहित मानी निजहरुलाई अभियोग दावीबाट सफाई दिने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०६७।१।२४ को फैसला नमिलेकोले उल्टी हुन्छ। प्रतिवादी रविन्द्रलाल श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन २०५९ दफा ८(३) बमोजिम रु १,०२,८४,४४९।७० जरिवाना भई विगो रु १,०२,८४,४४९।७० विशाल बजार कम्पनीले भरि पाउने ठहर्छ। प्रतिवादी रमेशमान श्रेष्ठको हकमा निजले रविन्द्रलाल श्रेष्ठसँग मिलेमतोमा कार्य गरी सोही ऐन दफा ८(४) को कसूर गरेको देखिए पनि निजले कुनै आर्थिक लाभ प्राप्त गरेको भन्ने स्पष्ट नदेखिएको हुँदा निजलाई १ महिना कैद हुने ठहर्छ। प्रतिवादी देवेन्द्रलाल श्रेष्ठ रविन्द्रलाल श्रेष्ठको भाई भै विगो निजको खातामा जम्मा भएको हदसम्म निज कसूरदार देखिंदा र निजलाई विगो रकम असुल गर्ने प्रयोजनको लागिसम्म प्रतिवादी बनाइएको भन्ने अभियोगपत्रबाट खुल्न आएको हुँदा निजबाट विगो रु ३६,७२,८७२।४२ विशाल बजार कम्पनीले भरी पाउने ठहर्छ।

## तपसील

माथी इन्साफ खण्डमा लेखिए बमोजिम विशेष अदालत काठमाडौंको मिति २०६७।१।२४ को फैसला उल्टी भई प्रतिवादीहरूलाई अभियोग मागदावी बमोजिम सजाय हुने ठहरेकोले देहायको प्रतिवादीहरुको हकमा देहाय बमोजिम गर्नु भनी विशेष अदालत मार्फत काठमाडौं जिल्ला अदालत तहसिल फाँटमा लगत दिनु---------------१

प्रतिवादी रविन्द्रलाल श्रेष्ठके विशाल बजार कम्पनीको हानि नोक्सानी हुन गएको विगो रु १,०२,८४,४४९।७० विशाल बजार कम्पनी लि. ले भरि पाउने र निज

प्रतिवादीलाई उक्त विगो बराबर समेत जरिवाना हुने ठहरेकोले जरिवानाको रकम निजबाट कानून वमोजिम असुल उपर गर्नु। विगोको हकमा उक्त विगो भराई पाउँ भनी विशाल बजार कम्पनीको ऐनको म्यादभित्र दरखास्त परे कानून बमोजिम उल्लेखित विगो रु १,०२,८४,४४९।७० विशाल बजार कम्पनीलाई भराई दिनु-----------------२

प्रतिवादी देवेन्द्रलाल श्रेष्ठ के निजको खातामा विशालबजार कम्पनी लिमिटेडको पसल कवल भाडाबाट प्राप्त रकम रु ३६,७२,८७५।४२ जम्मा भएको देखिएकोले उक्त विगो निजबाट भराई पाउँ भनी विशाल बजार कम्पनी लिमिटेडको दरखास्त परे उल्लेखित विगो रु ३६,७२,८७५।४२ विशाल बजार कम्पनीलाई कानून वमोजिम गरी भराई दिनू ------------------------------------------------------------------------३

प्रतिवादी रमेशमान श्रेष्ठको हकमा निजलाई भ्रष्टाचार निवारण ऐनको दफा ८(४) वमोजिम एक महिना कैद सजाय हुने ठहरेकोले सो वमोजिमको लगत कसी असूल उपर गर्नु ------------------------------------------------------------------------४

फैसला अनुसारको विगो र जरिवानाको रकम असुल उपर भएपछि प्रतिवादी रविन्द्रलाल श्रेष्ठले विशेष अदालतमा राखेको धरौटी रु.५,००,०००।– (पाँच लाख) ऐनका म्याद भित्र फिर्ता माग्न आए नियमानुसार गरी निजलाई फिर्ता दिनु------------------------५

प्रतिवादी रमेशमान श्रेष्ठलाई एक महिना कैद हुने ठहरेकाले उक्त लगत असुल उपर भएपछि निजले विशेष अदालतमा राखेको धरौटी रु.५,००,०००।– (पाँच लाख) ऐनका म्याद भित्र फिर्ता माग्न आए नियमानुसार गरी फिर्ता दिनू---------------------------६

प्रस्तुत फैसलाको जानकारी वादी नेपाल सरकारलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू------------------------७

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः (उपसचिव)मुकुन्द आचार्य

कम्प्युटरः देवीमाया खतिवडा(देबिना)

सम्बत् २०७३ साल मंसिर महिना २६ गते रोज १ शुभम्-----------------------